# हेटौडा उपमहानगरपालिका

# वडा नं. १०

# बालबालिकाको वस्तुगत विवरण- २०७९

# CHILDREN PROFILE-2079

प्रकाशक

हेटौडा उपमहानगरपालिका
वडा नं. १० को कार्यालय

# विषय सूची


**खण्ड १ परिचयः** ..... 3
**१.१ वडाको परिचय** ..... 3
**१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता** ..... 3
**१.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था** ..... 3
**खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा** ..... 4
**२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता** ..... 4
**२.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था** ..... 5
२.२.१ नेपालको संविधान ..... 5
२.२.२ स्थानीय सरकार संचालन ऐन २०७४ ..... 5
२.२.३ बालबालिका सम्बन्धि ऐन २०७५ ..... 6
२.२.४ दिगो विकास लक्ष्य ..... 6
२.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९ ..... 7
२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ..... 7
२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ..... 7
२.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२ ..... 7
२.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) ..... 8
**२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि** ..... 8
२.३.१ बालमैत्री ..... 8
२.३.२ बालमैत्री स्थानीय शासन ..... 8
**२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र** ..... 9
२.४.१ बाल बचाउ ..... 9
२.४.२ बाल संरक्षण ..... 9
२.४.३ बाल विकास ..... 10
२.४.४ बाल सहभागिता ..... 10
**२.५ बाल समूह सम्बन्धि विवरण** ..... 10
**२.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता** ..... 10
**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण** ..... 11
**२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण** ..... 11
**खण्ड ३ वडाको जनसंख्या** ..... 12
**३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या** ..... 12
**३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या** ..... 12
**३.३ बालबालिकाको जनसंख्या** ..... 13
**३.४ भाषाका आधारमा जनसंख्या** ..... 14
**३.५ जन्मदर्ता सम्बन्धि विवरण** ..... 15
**३.६ बाल विवाहको अवस्था** ..... 15
३.६.१ विवाह सम्बन्धि विवरण ..... 15
३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण ..... 15
३.६.३ बाल विवाह सम्बन्धि विवरण ..... 16
**३.७ प्रति परिवार औषत बालबालिका संख्या** ..... 16

**३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण** ........ 16
खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य........ 17
**४.१ सुरक्षित मातृत्व कार्यक्रम** ........ 17
**४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण** ........ 17
**४.३ बालबालिकामा पोषणको स्थिति** ........ 18
४.३.१ स्तनपात सम्बन्धी विवरण........ 18
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण ........ 18
**४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु** ........ 19
**४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य** ........ 19
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण** ........ 20
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण ........ 20
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण........ 21
**४.७ टिडी खोप सम्बन्धी विवरण**........ 21
**४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण** ........ 21
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण** ........ 22
**४.१० नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धि विवरण** ........ 22
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण** ........ 22
**४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका**........ 23
**४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण** ........ 23
**४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था** ........ 23
**४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण**........ 24
**खण्ड ५ वडाको शैक्षिक अवस्था** ........ 27
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण** ........ 27
**५.२ शैक्षिक संस्थाहरुको विवरण**........ 27
**५.३ छात्रछात्राको विवरण** ........ 27
५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण ........ 27
५.३.२ वडाको बिद्यार्थी विवरण ........ 28
**५.४ विद्यालय पुग्न लाग्ने समय**........ 29
**५.५ विद्यालयमा खानेपानीको सुविधा**........ 29
**५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था**........ 29
**५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण** ........ 30
**५.८ विद्यालय भर्ना नभएका** ........ 30
**५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण**........ 30
**५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण** ........ 31
**खण्ड ६ वडामा बाल संरक्षण**........ 32
**६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण**........ 32
**६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण** ........ 32
**६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण**........ 32
**६.४ बालश्रमिक सम्बन्धी विवरण** ........ 33
**६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण** ........ 33

६.६ सडक बालबालिकाको विवरण ........ 33
६.७ कुलतमा लागेका बालबालिकाको विवरण ........ 33
६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण ........ 33
६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण ........ 33
६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण ........ 33
६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण ........ 33
खण्ड ७ वडाको आर्थिक पक्ष ........ 34
७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण ........ 34
७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण ........ 34
७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण ........ 34
७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण ........ 35
खण्ड ८ वडाको प्रकोप अवस्था ........ 36
८.१ प्रकोपको विवरण ........ 36
८.२ प्रकोपबाट भएको क्षतिको विवरण ........ 36
८.३ बाल अपराधको विवरण ........ 36

# खण्ड १ परिचयः

## १.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर १० को क्षेत्रफल २.४ वर्ग कि.मी. रहेको छ। यस वडाको पुर्व सिमानामा त्रिभुवन राजपथ (वडा नं. ४) पश्चिमा राप्ति खोला (वडा नं. ११), उत्तरमा महेन्द्र राजमार्ग (वडा नं. १) र दक्षिणतर्फ कर्रा खोला (वडा नं. ९) अवस्थित छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या १,८९५ रहेको छ जस्मा ९९६ बालक र ८९९ बालिका रहेका छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ५२.६ प्रतिशत बालक र ४७.४ प्रतिशत बालिका रहेका छन्।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

यस वडा भित्र रहेका प्रसिद्ध धार्मिक तिर्थस्थलहरुमा भुटनदेवी मन्दिर र गोरक्षेश्वर मन्दिर हुन। यस वडामा यात्रुहरु आवत जावत गर्ने बसपार्क व्यवस्थित गरिएको छ र बसपार्कसंगै तरकारी फलफूल बजारहरु रहेका छन्। बसपार्कको आसपास तथा कर्रामा ठुलो मानव बस्ति रहेको छ। सामुदायिक आँखा अस्पताल यसै वडामा रहेको छ भने सरकारी कार्यालयहरुमा जिल्ला प्रहरी कार्यालय, यातायात कार्यालय लगायत प्रदेश स्तरिय धेरै संरचनाहरु छन्। कृषि तथा बन विश्वविद्यालय र बन विज्ञान अध्ययन संकाय यसै वडामा अवस्थित छ।

## १.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडाका सबैभन्दा धेरै मानिसहरु अर्थात ४५.७% व्यापारको क्षेत्रमा आवद्ध रहेका छन् भने २९.३% जागिरमा संलग्न छन्। २३.३ प्रतिशत मानिसहरु ज्याला मजदुरी पेशामा र १.३ प्रतिशत कृषि पेशामा रहेका छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ३५४ रहेको छ र ती मध्ये ३४.५ प्रतिशत महिला छन्।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमर्ाण गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न
- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

### २.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

#### २.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानस्रिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

#### २.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत

गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाईै बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्ने, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

### २.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

### २.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत “सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन” मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र

किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

### २.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

### २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्न निश्चित प्रक्रिया समेत तोकेको छ।

### २.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन

र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

### २.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

## २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा

रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

### २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

#### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

#### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिँसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धि विवरण

विभिन्न बाल समूहहरुमा आवद्ध बालबालिकाहरुको संख्यात्मक विवरण तपशिल अनुसारको रहेको छः

**बाल समूहको प्रकार र लिङ्गको आधारमा बाल सहभागिता**

| क्र.सं. | बाल समूहको विवरण | बालिका | बालक | अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा आधारित बालसमूह | ४१ | ५९ | - | १०० |
| २ | समुदायमा आधारित बालसमूह | ८० | ९५ | - | १७५ |
| | जम्मा : | १२१ | १५४ | | २७५ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता

यस वडाको शासकिय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | शासकीय संरचनामा | बालक | बालिका | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिहरु ( ४ विद्यालयमा) | ४ | ४ | ८ |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | १ | १ | २ |
| ५ | बाल समूह (वटा) | १५४ | १२१ | २७५ |
| ६ | वडा बाल समूह संजाल | १५ | १० | २५ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

### २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | नाम थर | पद | प्रतिनिधित्व गरेको निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | फुर्वा दोर्जे तामाङ | अध्यक्ष | वडा अध्यक्ष | ९८५५०६७९९२ |
| २ | साधना श्रेष्ठ | सदस्य | का पा सदस्य | ९८४५०७६५९३ |
| ३ | गोमा सुनार | सदस्य | वडा सदस्य | ९८४५६२७३१२ |
| ४ | ईश्वर प्रसाद मैनाली | सदस्य | वडा सदस्य | ९८५५०६७११० |
| ५ | विमल लामा | सदस्य | वडा सदस्य | ९८६५३५५४१२ |
| ६ | नवराज न्यौपाने | सदस्य | १० नं. वडा टो. वि. स.स. अध्यक्ष | ९८६०८११५७५ |
| ७ | शुशिला श्रेष्ठ | सदस्य | हेडम्बा शहरी स्वास्थ्य प्रमुख | ९८४५२९१३८५ |
| ८ | गोपाल कृष्ण अधिकारी | सदस्य | संस्कृत वेद विद्यालय प्र.अ | ९८४५५३५४३४ |
| ९ | रमेश सुवेदी | सदस्य | ज्ञानदा मा वि प्र.अ | ९८४५०३०१४२ |
| १० | दुर्गा नेपाल | सदस्य | नेत्र ज्योति टो. अध्यक्ष | ९८४५३१४६४७ |
| ११ | फूलमाया गुरुङ | सदस्य | न्यूरेनी टो.अध्यक्ष | ९८४५८४७८८७ |
| १२ | गीता नेपाल | सदस्य | बाल समुह संरक्षक | ९८५४५९०५३० |
| १३ | हर्षिना लम्साल | सदस्य | वडा बाल समुह संजाल | ९८६३६६४४४४ |
| १४ | संस्कार ज्ञावली | सदस्य | वडा बाल समुह संजाल | ९८४५१३२३९५ |
| १५ | प्रशान्त श्रेष्ठ | सदस्य सचिव | १० नं. वडा सचिब | ९८४००६०१३० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

### २.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण


बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।

यसै सन्दर्भमा यस हेटौँडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

# खण्ड ३ वडाको जनसंख्या

## ३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या


हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर १० मा रहेको जम्मा १,३८९ घरपरिवारमा मात्र बालबालिकाको उपश्थिति रहेको पाईयो। यस वडामा लिङ्गको आधारमा घरमुली प्रतिशत निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

यस वडाको कूल ६,८६८ जनसंख्या मध्ये ३,४१७ महिला र ३,४५१ पुरुष रहेको छन्। उक्त जनसंख्यालाई प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

महिलाको (४९.८%) तुलनामा पुरुषको (५०.२%) जनसंख्या धेरै रहेको छ।

उमेर समूहको आधारमा ३१-४० उमेर समूहको सबैभन्दा बढि जनसंख्या (१,३८८) रहेको छ भने दोस्रोमा ४१-५० उमेर समूहको जनसंख्या (९००) रहेको छ। उमेर समूह अनुसार यस वडाको जनसंख्या विवरण (संख्या र प्रतिशत) निम्न अनुसार रहेको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.९% | ०.९% | ६० | ६० | १२० |
| २ | १ देखि २ वर्ष | ०.७% | ०.७% | ४६ | ४८ | ९४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३ देखि ५ वर्ष | २.२% | २.६% | १५३ | १८२ | ३३५ |
| ४ | ६ देखि १० वर्ष | ३.३% | ४.०% | २२९ | २७४ | ५०३ |
| ५ | ११ देखि १८ वर्ष | ६.०% | ६.३% | ४११ | ४३२ | ८४३ |
| ६ | १९ देखि २५ वर्ष | ६.९% | ५.९% | ४७१ | ४०७ | ८७८ |
| ७ | २६ देखि ३० वर्ष | ५.७% | ४.४% | ३८९ | ३०४ | ६९३ |
| ८ | ३१ देखि ४० वर्ष | १०.३% | ९.९% | ७०९ | ६७९ | १३८८ |
| ९ | ४१ देखि ५० वर्ष | ५.९% | ७.३% | ४०२ | ४९८ | ९०० |
| १० | ५१ देखि ६० वर्ष | ४.०% | ४.१% | २७८ | २८५ | ५६३ |
| ११ | ६१ देखि ७० वर्ष | २.५% | २.७% | १७२ | १८३ | ३५५ |
| १२ | ७१ देखि ८० वर्ष | १.१% | १.१% | ७५ | ७७ | १५२ |
| १३ | ८१ देखि ९० वर्ष | ०.३% | ०.३% | १९ | १९ | ३८ |
| १४ | ९१ देखि १०० वर्ष | ०.०% | ०.०% | ३ | ३ | ६ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.०% | ०.०% | ० | ० | ० |
| | **जम्मा :** | **४९.८०%** | **५०.२०%** | **३,४१७** | **३,४५१** | **६,८६८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ९१ देखी १०० वर्ष सम्मका ३ पुरुष सहित ६ जना रहेको छ। यस वडामा लैंङ्गिक तथा अल्पसंख्यकको उपश्थिति भएको पाईएन्।

घरपरिवारको जातिगत विवरण हेर्दा यस वडामा सबैभन्दा धेरै जनसंख्या ७६६ जनजाति परिवारको रहेको छ भने दोस्रोमा ब्राह्मण/क्षेत्री जातिको ३७५ परिवार रहेको छ। त्यस्तैगरी यस वडामा १८३ मधेसी घरपरिवारको बसोवार रहेको छ र दलित ६५ घरपरिवार छन्। जातिगत परिवार विवरणको प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| क्रस | जात/जातिका परिवार | परिवार प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ब्राह्मण/क्षेत्री | २७.०% | ३७५ |
| २ | जनजाति | ५५.१% | ७६६ |
| ३ | दलित | ४.७% | ६५ |
| ४ | मधेसी | १३.२% | १८३ |
| ५ | अन्य | ० | ० |
| | | **जम्मा:** | **१३८९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.३ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या १,८९५ मध्ये ८९९ बालिका र ९९६ बालक रहेको छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४७.४ प्रतिशत बालिका र ५२.६ प्रतिशत बालकको संख्या रहेको छ। बालकको संख्या बालिकाको भन्दा धेरै छ। उमेरगत बालबालिकाको जनसंख्या सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.९% | ०.९% | ६० | ६० | १२० |
| २ | १ देखि २ वर्ष | ०.७% | ०.७% | ४६ | ४८ | ९४ |
| ३ | ३ देखि ५ वर्ष | २.२% | २.६% | १५३ | १८२ | ३३५ |
| ४ | ६ देखि १० वर्ष | ३.३% | ४.०% | २२९ | २७४ | ५०३ |
| ५ | ११ देखि १८ वर्ष | ६.०% | ६.३% | ४११ | ४३२ | ८४३ |
| | **जम्मा:** | | | **८९९** | **९९६** | **१,८९५** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाको कूल जनसंख्याको १३.०९ प्रतिशत बालिका र १४.५० प्रतिशत बालकको संख्या रहेको छ। यस वडामा ११ देखी १८ वर्ष उमेर समूहमा बालबालिका अन्य समूह भन्दा धेरै छन्।

### ३.४ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडाका सबैभन्दा धेरै जनसंख्या नेपाली ७६१ (५४.८%) भाषा बोल्दछन् भने दोस्रोमा तमाङ ३०८ (२२.२%) भाषा बोल्दछन्। भाषाको आधारमा जनसंख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| क्रस | भाषाहरु | भाषा प्रतिशत | भाषा संख्या |
|---|---|---|---|
| १ | नेपाली | ५४.८% | ७६१ |
| २ | तमाङ | २२.२% | ३०८ |
| ३ | चेपांङ | १.९४% | ० |
| ४ | गुरुङ | ०.६% | ९ |
| ५ | मगर | १.२% | १७ |
| ६ | नेवारी | १०.८% | १५० |
| ७ | भोजपुरी | ३.२% | ४४ |
| ८ | मैथली | १.९% | २६ |
| ९ | हिन्दी | ३.८% | ५३ |
| १० | शेर्पा | ०.०% | ० |
| ११ | राई | ०.६% | ९ |
| १२ | लिम्बु | ०.०% | ० |
| १३ | मुस्लिम | ०.८% | ११ |
| १४ | अंग्रेजी | ०.०% | ० |
| १५ | बजिका | ०.१% | १ |
| | **जम्मा** | **१००%** | **१,३८९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.५ जन्मदर्ता सम्बन्धी विवरण

यस वडामा ४८० (अर्थात ८७.४%) जना ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता गरिएको छ भने ६९ (अर्थात १२.६%) जनाको जन्मदर्ता गरिएको छैन। बालक र बालिकाको संख्यालाई विश्लेषण गर्दा २५९ जना बालक र २९० जना बालिकाको जन्मदर्ता गरिएको छ भने ४६ जना बालक र २३ जना बालिकाको जन्मदर्ता गरिएको छैन। जन्मदर्ता सम्बन्धि थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| ५ वर्ष मुनिका बालबालिकाको जनसंख्या | | | जन्म दर्ता भएको बालबालिकाको संख्या र प्रतिशत | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बालिका | बालक | जम्मा | बालिका (%) | बालक (%) | बालिका (संख्या) | बालक (संख्या) | जम्मा (संख्या) | जम्मा (%) |
| २५९ | २९० | ५४९ | ८२.२% | ९२.१% | २५९ | २९० | ४८० | ८७.४% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाका जम्मा ८७.४ प्रतिशत बालबालिकाहरुको जन्म दर्ता भएको छ। जन्म दर्ता भएका ५ वर्ष मुनिका कूल बालबालिकाहरुको प्रतिशत हेर्दा बालिकाको तुलनामा बालकको जन्मदर्ता धैरै भएको देखिन्छ।

### ३.६ बाल विवाहको अवस्था

#### ३.६.१ विवाह सम्बन्धि विवरण

यस वडामा विगत ३ वर्ष भित्र विवाह भएको संख्या ६४ रहेको छ जस्मा महिलाको संख्या २६ र पुरुषको संख्या ३८ रहेको छ। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विवाहिताको लिङ्ग | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | महिला | ४०.६% | २६ |
| २ | पुरुष | ५९.४% | ३८ |
| | **जम्मा:** | **१००** | **६४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

#### ३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

६४ जनाको विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा २१-२५ वर्ष उमेर समूहका २७ जना (१३ महिला र १४ पुरुष) को विवाह भएको छ जुन सबैभन्दा धैरै विवाह भएको उमेर समूह हो। १९-२० वर्षका २ जना महिलाको विवाह भएको छ। २६- ३० वर्षका २६ (८ महिला र १८ पुरुष) को विवाह भएको छ। ३१-३५ वर्ष उमेर समूहका ३ जना महिना सहित ६ जनाको विवाह भएको देखिएको छ भने ३६-४० उमेर समूहको ३ जना पुरुषको विवाह भएको छ। विवाह सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| लिङ्ग | विगत ३ वर्ष भित्रको विवाहिताको उमेरगत विवरण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | ११ देखि १५ वर्ष | १६ देखि १८ वर्ष | १९ देखि २० वर्ष | २१ देखि २५ वर्ष | २६ देखि ३० वर्ष | ३१ देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | |
| महिला | ० | ० | २ | १३ | ८ | ३ | ० | ० | २६ |

| पुरुष | ० | ० | ० | १४ | १८ | ३ | ० | ३ | ३८ |
|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **०** | **०** | **२** | **२७** | **२६** | **६** | **०** | **३** | **६४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.३ बाल विवाह सम्बन्धि विवरण

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार २० वर्ष मुनिका २ विवाह भएको छ। १९-२० उमेर समूहका २ जना किशोरीहरुको उमेर नपुगि विवाह गरेको देखिन्छ। अर्थात विगत ३ वर्षमा यस वडामा उमेर नपुगी विवाह भएको देखिन्छ। १८ वर्ष भन्दा कम उमेरमा विवाह कसैको पनि भएको पाईएन।


## ३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडामा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या १,८९५ रहेको छ। वडाको कूल जनसंख्याको २७.६ प्रतिशत बालबालिका छन्। जस्मा बालिका ८९९ (४७.४%) र बालक ९९६ (५२.६%) रहेका छन्। अर्थात बालिकाको तुलनामा बालकको संख्या बढि रहेको छ।

यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.३६ रहेको छ।

## ३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण

यस वडामा १ बालिका र ८ बालक गरी जम्मा ९ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। ती बालबालिकाको अपाङ्गताको प्रकार र प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

अपाङ्गता मध्ये सबैभन्दा धेरै सुस्त श्रवण तथा बहिरा सम्बन्धी अपाङ्गता (४१.७%) भएको बालबालिका रहेका छन् भने दोस्रोमा शारीरिक सम्बन्धी अपाङ्गता (३३.३%) रहेको छ। स्वर/बोलाई सम्बन्धी, मानसिक/बौद्धिक र दृष्टिविहिन/न्यून दृष्टि प्रकारका अपाङ्गता बराबर अर्थात ८.३% भएको भेटिएको छ।

# खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य


## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

यस वडामा रहेको सामुदायिक स्वास्थ्य संस्थाको नाम हेडम्बा शहरी स्वास्थ्य केन्द्र हो जसले तोकिएको सुरक्षित मातृशिशु कार्यक्रम संचालन गरिरहेको छ। यहाँ वडाका गर्भवति महिलाहरु स्वास्थ्य जाँच तथा नवजात शिशुको खोप तथा स्वास्थ्य जाँचकोलागि आउने गर्दछन्।

सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत गर्भवति महिलाको नियमित स्वास्थ्य जाँच, टिडी खोप लगाउने, आईरन चक्की खाने, प्रसुती सम्बन्धि सल्लाह लिने र स्वास्थ्य संस्थामा प्रसुती गराउने, नवजात शिशुको र सुत्केरी आमाको नियमित स्वास्थ्य जाँच र शिशुलाई विर्गौती दुध सेवन र खोप लगाउने जस्ता कार्यक्रमहरु यस वडामा नियमित संचालनमा रहेका छन्। वडामा संचालन भएको सुत्केरी प्रोत्साहन कार्यक्रमले समुदायमा सुरक्षित मातृत्वकोलागि सहयोग पुगेको छ।

## ४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार १,३८९ रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार १,२८८ रहेका छन् अर्थात जम्मा घरपरिवारको ९२.७३ प्रतिशत घरपरिवारलाई बाल रोग तथा खोपको बारेमा जानकारी रहेको छ भने १०१ घरपरिवारलाई उक्त जानकारी रहेनछ। सो बारेमा थप जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

एक वर्ष मुनिका बालबालिका १२० (६० बालिका र ६० बालक) जना छन्। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

| बालक/बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला |
|---|---|---|---|---|---|
| बालिका | 55 | 48 | 43 | 32 | 14 |
| बालक | 49 | 43 | 41 | 32 | 10 |
| **जम्मा:** | **104** | **91** | **84** | **64** | **24** |

| **जम्मा:** | **86.7%** | **75.8%** | **70.0%** | **53.3%** | **20.0%** |
|---|---|---|---|---|---|

माथिको विवरण अनुसार बि.सि.जी. खोप लगाउने बालबालिकाहरु १०४ जना अर्थात कूल एक वर्ष मुनिका बालबालिकाको ८६.७ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु ९१ अर्थात ७५.८ प्रतिशत रहेका छन्।

थप खोप विवरण निम्नानसार रहेको छः

| बालक/बालिका | हेपटाईटिस वी | पी.सी. भी. | रोटा | पोलियो | एफ.आइ .पी.भी. | दादुरा/रुबेला -२ | जे.इ. |
|---|---|---|---|---|---|---|---|
| बालिका | 7 | 23 | 4 | 34 | 17 | 0 | 1 |
| बालक | 2 | 11 | 1 | 19 | 10 | 0 | 0 |
| **जम्मा:** | **9** | **34** | **5** | **53** | **27** | **0** | **1** |
| **जम्माः** | **8%** | **28%** | **4%** | **44%** | **23%** | **0%** | **1%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.३ बालबालिकामा पोषणको स्थिति

यस वडाका ९८.९ प्रतिशत ५ वर्ष मुनिका बालबालिकालाई पोषिलो खाना (दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफुल र साग सब्जी) खुवाउने गरेको पाईएको छ। यहाँ पोषण अन्तरगत शिशुहरुको स्तनपान र कुपोषणको अवस्थालाई तल बुंदागत रुपमा विश्लेषण गरिएको छ।

### ४.३.१ स्तनपात सम्बन्धी विवरण

हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखाको तथ्याङ्क अनुसार महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| **शिशुको संख्या** | **६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका** | | **६ महिना सम्म शिशुलाई स्तनपान नगराइएका (आमाको दुध सहित थप खाना खुवाएको)** |
|---|---|---|---|
| **शिशुको संख्या** | **शिशुको संख्या** | **प्रतिशत** | **शिशुको संख्या** |
| ८७ | २८ | ३२.२ | ० |

### ४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

कुपोषण सम्बन्धी विवरण निम्नानुसार रहेको छः

| ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या | अति कडा कुपोषण भएको बालबालिकाका संख्या | पोषण सुधारकालागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या |
|---|---|---|---|
| ५४९ | ० | ० | ० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कुपोषणबाट प्रभावित बालबालिकाको संख्या छैन।

## ४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु

खानेपानीको कारणले विगत १ वर्ष भित्र बालबालिकामा हैजा, झाडाबान्ता, रगतमासी, जन्डिस, टाइफाईट र जिआरडियाको संक्रमण देखिएको थियो।

यस वडामा १ बालक र १ बालिका गरी जम्मा २ जनालाई दिर्घ रोग लागेको पाईएको छ। दुबै जनालाई मुटु रोग लागेको पाईयो तर उक्त रोगको कारणले मृत्य भएको पाईएन। त्यस्तैगरी ५ वर्ष मुनिका बालबालिकामा कुनै पनि प्रकारको जटिल रोग लागेको र सोको कारण मृत्यु भएको पाईएन।

## ४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका परिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा अस्पताल (नीजि वा सरकारी) पहिलो स्थानमा रहेको छ र दोस्रोमा नीजि क्लिनिक रहेको छ। लामा/धामी/झाँक्रीमा पनि विश्वास गर्ने परिवार रहेको पाईयो। उपचारका केन्द्र र उपचार गराउने परिवारको विवरण तल प्रस्तुत गरिएको छः

| मुख्य उपचार केन्द्रहरु र उपचार गर्न जाने परिवारको विवरण | | | | |
|---|---|---|---|---|
| क्र. सं. | मुख्य उपचार केन्द्र | उपचार केन्द्र जाने परिवार (प्रतिशतमा) | उपचार केन्द्र जाने परिवार संख्या | कैफियत |
| १ | लामा/धामी/झाँक्री | ०.७९% | ११ | |
| २ | परम्परागत वैद्य | ०.००% | ० | |
| ३ | स्थानीय स्वास्थ्य संस्था/चौकी | २.०२% | २८ | |
| ४ | अस्पताल (निजी/सरकारी) | ९३.९५% | १३०५ | |
| ५ | क्लिनिक(निजी) | ३.१७% | ४४ | |
| ६ | अन्य | ०.०७% | १ | |
| जम्मा : | | १००.००% | १३८९ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

स्थानीय स्वास्थ्य संस्था/चौकीमा जाने परिवार २.०२ प्रतिशत भएको पाईयो।

### घर देखी उपचार केन्द्र सम्मको दुरी

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ८४.८८ प्रतिशत परिवारलाई उपचार केन्द्र पुग्न १५ मिनेट भन्दा कम समय लाग्ने रहेछ। १४.९७ प्रतिशत परिवारलाई १५ देखी ३० मिनेट सम्मको समय लाग्ने रहेछ। १ घण्टा सम्म समय लाग्ने परिवार जम्मा ०.१४ प्रतिशत रहेछन् उक्त विवरण संख्या सहित तल प्रस्तुत गरिएको छः

| घर देखि उपचार केन्द्रको दुरी | | | | |
|---|---|---|---|---|
| क्र. सं. | उपचार केन्द्र सम्मको दुरी | दुरी प्रतिशतमा | परिवार संख्या | कैफियत |
| १ | १५ मिनेट भन्दा कम | ८४.८८% | ११७९ | |
| २ | १५ देखि ३० मिनेट सम्म | १४.९७% | २०८ | |
| ३ | १ घण्टासम्म | ०.१४% | २ | |
| ४ | १ घण्टा भन्दा बढी | ०.००% | ० | |
| जम्मा : | | १००.००% | १३८९ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

**बालबालिका बिरामी हुँदा तुरुन्त उपचार गर्न आर्थिक अवस्था राम्रो भएको/नभएको**

बालबालिका विरामी हुँदा तुरुन्त उपचार गर्न सक्ने सामर्थ्यको अर्थात आर्थिक अवस्थाको विश्लेषण गर्दा ७६.४६ प्रतिशत परिवारको अवस्था राम्रो भएको र २३.५४ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको विवरण तल उल्लेखित छ।

| बालबालिका बिरामी हुँदा तुरुन्त उपचार गर्न आर्थिक अवस्था राम्रो भएको/नभएको | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **आर्थिकस्तर/अवस्था** | **प्रतिशत** | **संख्या** | **कैफियत** |
| १ | राम्रो भएको | ७६.४६% | १०६२ | |
| २ | राम्रो नभएको | २३.५४% | ३२७ | |
| **जम्मा :** | | १००.००% | **१३८९** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण

विगत १ वर्षमा यस वडाका जम्मा ७९ परिवारमा ८० जना गर्भवती महिला रहेको पाईयो। ४ पटक भन्दा बढी गर्भ जाँच गराउने महिलाहरु रहेको पनि पाईयो। ४ पटक सम्म गर्भ जाँच गराउने महिलाको संख्या ६४ रहेको पाईयो। एक पटक मात्रै गर्भ जाँच गराउने ३ रहेको पाईयो। गर्भ जाँच नगराउने परिवार भएको पाईएन। त्यस्तैगरी ३ र २ पटक सम्म गर्भ जाँच गराउने महिला संख्या क्रमशः ५ र ३ रहेको पाईयो। आफ्नो गर्भको अवस्था जाँच गराउने सम्बन्धी विवरण प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| गर्भजांचको अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| ४ पटक सम्म जाँच गर्ने | ८०.००% | ६४ |
| ३ पटक सम्म जाँच गर्ने | १०.००% | ८ |
| २ पटक सम्म जाँच गर्ने | ६.२५% | ५ |
| १ पटक मात्रै जाँच गर्ने | ३.७५% | ३ |
| गर्भवती जाँच नगर्ने | ०.००% | ० |
| **जम्मा** | **१००.००%** | **८०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४ पटक सम्म गर्भ जाँच गर्ने महिला सबैभन्दा धेरै अर्थात ८०.० प्रतिशत रहेको पाईयो।

### ४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धी विवरणलाई हेर्दा गत १ वर्ष भित्र गर्भवति भएका ८० गर्भवतीहरु मध्ये जम्मा ६५ जना गर्भवतिहरुले मात्र यसै वर्ष सुत्केरी भएको जानकारी गराएका छन् र प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण सत प्रतिशत भएको पाईयो।

### ४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | टिडी खोपको पटक | खोप लगाउने गर्भवती महिलाको प्रतिशत | खोप लगाउने गर्भवती महिलाको संख्या |
|---|---|---|---|
| १ | २ पटक सम्म लगाउने | १००.०% | ८० |
| २ | १ पटक मात्र लगाउने | ०.०% | ० |
| ३ | खोप नलगाउने | ०.०% | ० |
| | **जम्मा:** | **१००.०%** | **८०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ८० गर्भवति महिलाहरु सबैले २ पटक सम्म खोप लगाएको पाईयो। खोप नलगाउने महिला संख्या भएको पाईएन।

### ४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० चक्की सम्म प्रयोग गर्ने गर्भवती महिलाहरुको संख्या ६९ र ५० भन्दा कम प्रयोग गर्ने गर्भवती महिलाहरुको संख्या ३ रहेको पाईयो। त्यस्तैगरी आइरन चक्की प्रयोग नगर्ने गर्भवती १ जना भएको पाईयो। आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः


| क्र.सं. | आइरन चक्की विवरण | आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको | |
|---|---|---|---|
| | | प्रतिशत | संख्या |
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | ८६.३% | ६९ |
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | ३.८% | ३ |
| ३ | १५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ४ | १०० चक्की सम्म प्रयोग गर्ने | ५.०% | ४ |
| ५ | ५० चक्की सम्म प्रयोग गर्ने | ३.८% | ३ |
| ६ | आइरन चक्की सम्म प्रयोग नगर्ने | १.३% | १ |
| | **जम्मा:** | **१००.०%** | **८०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

नियमित रुपमा पूरा २२५ चक्की सम्म प्रयोग गर्ने ८६.३ प्रतिशत गर्भवती रहेका छन्।

### ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवतीहरुको सुत्केरी भएको अवस्थालाई हेर्दा जम्मा ६५ जना गर्भवतिहरुको मात्र यसै वर्ष सुत्केरी भएको पाइएको छ। प्रसुति गराएको स्थानलाई हेर्दा स्वास्थ्य संस्थामा ९२.९६ प्रतिशतको प्रसुति भएको पाईयो भने ४.२३ प्रतिशतको घरमै स्वास्थ्यकर्मीहरुको विना सहयोगमा प्रसुति भएको पाईयो। साथै २.८२ प्रतिशतको स्वास्थ्यकर्मीको सहयोगमा घरमा प्रसुति भएको पाईयो। प्रतिशतलाई तलको तालिकामा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको विवरणलाई हेर्दा घरमा स्वास्थ्यकर्मी विना जोखिममा पनि प्रसुती भएको पाईएको छ।

### ४.१० नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ६२.०२ प्रतिशत नियमित तौल लिने गरिएको छ भने ३७.९८ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ। तलको तालिकामा प्रतिशत र संख्या उल्लेख गरिएको छः

| २ वर्ष सम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको छ/छैन | | |
|---|---|---|
| **तौल सम्बन्धी विवरण** | **प्रतिशत** | **संख्या** |
| तौल लिने गरेको | ६२.०२% | १७८ |
| तौल लिने नगरेको | ३७.९८% | १०९ |
| **जम्मा** | १००.००% | २८७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा सतप्रतिशत बालबालिकाहरुलाई भिटामिन 'ए' खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विवरण प्रस्तुत गरेको छः

| भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | भिटामिन 'ए' खुवाएको | | भिटामिन 'ए' नखुवाएको | | जुकाको औषधि खुवाएको | | जुकाको औषधि नखुवाएको | | जम्मा |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| बालिका | १००.०% | २५९ | ०.०% | ० | ९९.२% | २५७ | ०.८% | २ | २५९ |
| बालक | १००.०% | २९० | ०.०% | ० | ९९.३% | २८८ | ०.७% | २ | २९० |
| **जम्मा** | **१००.०%** | **५४९** | | | **९९.३** | **५४५** | **०.७** | **४** | **५४९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ५४९ बालबालिका मध्ये ९९.३ प्रतिशतलाई मात्र जुकाको औषधि खुवाइएको छ अर्थात ०.७ प्रतिशत बालबालिकालाई खुवाइएको छैन।

## ४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका छैनन्।

## ४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण

यस वडाका सत प्रतिशत घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन्

## ४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था

यस वडाका १३८९ परिवार मध्ये १३३७ परिवार अर्थात ९६.२६% ले पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् भने ४६ परिवार अर्थात ३.३१०% ले कच्ची शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| घरपरिवारमा शौचालयको अवस्था | | | |
|---|---|---|---|
| **क्र. सं.** | **शौचालयको प्रकार** | **घरपरिवार (प्रतिशतमा)** | **घरपरिवार संख्या** |
| १ | कच्ची शौचालय | ३.३१% | ४६ |
| २ | पक्कि(वाटरसिल्ड) | ९६.२६% | १३३७ |
| ३ | वायो ग्याँस जडान भएको | ०.१४% | २ |
| ४ | ढलमा जडान भएको | ०.००% | ० |
| ५ | शौचालय नभएको | ०.२९% | ४ |
| | **जम्मा:** | **१००.००%** | **१३८९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

२ परिवार (०.१४%) ले वायोग्याँस जडान भएको शौचालय शौचालय प्रयोग गर्दछन्। अहिले पनि शौचालय नभएको ४ (०.२९%) परिवार यस वडामा रहेका छन्।

### घरपरिवारमा सरसफाईको अवस्था

घरपरिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका २ घरपरिवारमा हातधुने व्यवस्था नभएको पाईएको छ तर ९९.६४ प्रतिशत परिवारले हातधुने व्यवस्था भएको र धुने गरेका छन्। हात धुने व्यवस्था र प्रयोगबारे तलको तालिकामा थप प्रस्तुत गरिएको छः


| परिवारमा हातधुने व्यवस्था र प्रयोग | | | | |
|---|---|---|---|---|
| **क्र.** | **परिवारमा हातधुने व्यवस्था र** | **हातधुने व्यवस्था र** | **हातधुने व्यवस्था र** | **कैफियत** |

| सं. | प्रयोग | प्रयोग (प्रतिशत) | प्रयोगको संख्या | |
|---|---|---|---|---|
| १ | ब्यबस्था छ, सधै धुन्छु | ९९.६४% | १३८४ | |
| २ | ब्यबस्था छ, कहिले-कहिँ धुन्छु | ०.२२% | ३ | |
| ३ | ब्यबस्था छ, कहिलै धुन्न | ०.००% | ० | |
| ४ | ब्यबस्था नै छैन, कहिलै धुन्न | ०.१४% | २ | |
| | जम्मा: | १००.००% | १३८९ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

**हात धुने व्यवहार**

परिवारको सदस्यहरुले प्रायः कुन कुन अवस्थाहरुमा हात धुने गरेका छन् भन्ने व्यवहारिक प्रयोगबारे विश्लेषण गर्दा हात धुने फरक फरक व्यवहारिक प्रयोग भए पनि प्रायः घरपरिवारहरुले शौचालय गरे-गराए पछि हात धुने गर्ने गरेको पाईयो। साथै खाना खानु अघि, खाना खाए पछि र फोहोर वस्तु छोए पछि पनि हात धुने गरेको पाईयो। परिवारको सदस्यहरुले प्रायः कुन कुन अवस्थाहरुमा हात धुने गरेका छन् भन्ने व्यवहारिक प्रयोगबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

**हात धुंदा प्रयोग गर्ने साधन**

हात धुंदा प्रयोग गर्ने साधनलाई हेर्दा प्रायः जसो घरपरिवारले (९९.५०%) साबुन पानीको प्रयोग गर्ने र ०.१४% घरपरिवारले कुनै पनि साधन प्रयोग नगर्ने गरेको पाईयो। खरानी पानी र माटो जन्य पदार्थ प्रयोग गर्ने घरपरिवार ०.२८ प्रतिशत भएको पाईयो। पानीले मात्र धुने घरपरिवार ०.१४ प्रतिशत भएको पाईयो।

## ४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल १३८९ घरपरिवारहरु मध्ये ९८.६% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने १.५% ले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

**खानेपानी ल्याउन लाग्ने समय**


यस वडाका धेरैजसो घरपरिवारको घरमै धारा भएको पाईयो। ९९.४२ प्रतिशत घरपरिवारलाई पानी ल्याउन समय लाग्दैन किनकी घरमै धारा रहेको छ। घरमै धारा भएका बाहेकका परिवारहरुले १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने ०.५ प्रतिशत परिवार र १५ देखी ३० मिनेटको दुरीबाट पानी ल्याउने ०.०७ प्रतिशत परिवार भएको पाईयो। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको मूख्य स्रोत सम्म लाग्ने दुरी तल उल्लेख गरिएको छः

| घरधुरीको खानेपानीको मुख्य स्रोतको दुरी | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **दुरी** | **घरधुरीबाट मूख्य स्रोत सम्मको दुरी (प्रतिशतमा)** | **घरधुरी संख्या** | **कैफियत** |
| १ | घरमै भएको | ९९.४२% | १३८१ | |
| २ | १५ मिनेट | ०.५०% | ७ | |
| ३ | १५ देखि ३० मिनेट | ०.०७% | १ | |
| ४ | ३० मिनेट भन्दा बढी | ०.००% | ० | |
| **जम्मा :** | | १००.००% | १३८९ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

**प्रयोग गरिरहेको खानेपानी शुद्धीकरण विधि**

खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार श्रोतमा नै शुद्ध पानी छ भन्ने घरपरिवार ३.७५% छन् र केही नगरी पिउने गरेका वडाबासीहरु १२.५८% रहेका छन्। खानेपानी शुद्धीकरण विधिको प्रयोगबारे थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार उमालेर प्रयोग गर्ने वडाबासीहरु २४.७८% छन् र सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु ५८.८९% छन्। कतिपय परिवारहरुले एक भन्दा बढि बिधि प्रयोग गरिरहेको पाईएको छ।

**खानेपानीको कारणले रोगको अवस्था**


खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका परिवारको संख्या जम्मा १२ रहेको पाईयो जस्मा ५ परिवारमा हैजा/झाडावान्ता, ३ मा टाइफाईट, २ मा रगतमासी, १ मा जन्डिस र १ मा जियार्डियाको संक्रमण भएको पाईयो।

# खण्ड ५ वडाको शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडाका ५ वर्ष र माथिका जनसंख्या ३,२६० महिला र ३,२८३ पुरुष गरी जम्मा ६,५४३ रहेको छ जसमध्ये २,९३२ (८९.९ प्रतिशत) महिला साक्षर अर्थात लेखपढ गर्न सक्ने रहेका छन् भने ३२८ (अर्थात १०.१ प्रतिशत) महिला अहिले पनि असाक्षर रहेका छन्।

यस वडामा ६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको कूल जनसंख्या १,३४६ जस्मा ६४० (४७.५%) बालिका र ७०६ (५२.५%) बालक रहेका छन्। १,३३० बालबालिका साक्षर छन् अर्थात ९८.८१ प्रतिशत बालबालिका साक्षर रहेको छन्। बालिकाको साक्षरता बालकको भन्दा धेरै रहेको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा १६ (१.१९%) जना बालबालिकाहरु वडामा निरक्षर रहेका छन्।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| क्रस | विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | ठेगाना |
|---|---|---|---|---|
| १ | सामुदायिक | ज्ञानदा मावि | (१-१०) | हे.न.पा. – १० |
| २ | सामुदायिक | संस्कृत वेद विद्याश्रम | (१-८) | हे.न.पा. – १० |
| ३ | संस्थागत | सोलिड्यारिटी ईबो उमावि | (१-१०) | हे.न.पा. – १० |
| ४ | संस्थागत | तुलसी मेहर मेमोरियल उमावि | (१-१२) | हे.न.पा. – १० |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.३ छात्रछात्राको विवरण

### ५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| क्रस | विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा |
| १ | सामुदायिक | ज्ञानदा मावि | (१-१०) | १६० | १७७ | ३३७ |
| २ | सामुदायिक | संस्कृत वेद विद्याश्रम | (१-८) | ० | २७ | २७ |
| ३ | संस्थागत | सोलिड्यारिटी ईबो उमावि | (१-१२) | ६३३ | ९०६ | १,५३९ |
| ४ | संस्थागत | तुलसी मेहर मेमोरियल उमावि | (१-१२) | ४५७ | ७६२ | १,२१९ |
| | | | **जम्मा** | **१,२५०** | **१,८७२** | **३,१२२** |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

यस वडामा समग्रमा विद्यालयहरुको अवस्था राम्रो रहेको छ। माथिको तथ्याङ्कमा अन्यत्रबाट अध्ययन गर्न आएका विद्यार्थीहरु पनि समावेश भएको देखिन्छ।

### ५.३.२ वडाको बिद्यार्थी विवरण

यस वडाका अध्ययनरत बालबालिकाको संख्या जम्मा १,८३७ रहेका छन् जसमध्ये ९३९ बालक र ८९८ बालिका रहेका छन्। बालिका भन्दा बालकको संख्या धैरै रहेको छ। विभिन्न कक्षा समूहमा अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

| कक्षा | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| ० देखि ५ कक्षा | ४९३ | ५४१ | १०३४ |
| ६ देखि ८ कक्षा | २५० | २३९ | ४८९ |
| ९ देखि १० कक्षा | ९८ | १०१ | १९९ |
| ११ देखि १२ कक्षा | ५७ | ५८ | ११५ |
| **जम्मा:** | **८९८** | **९३९** | **१,८३७** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धैरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् त्यस्तैगरी निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः बालबालिका संख्या तल्लो तहको भन्दा घट्दो क्रममा रहेको छ। माथिको विवरणमा सानो कक्षाहरुमा भए जति बालबालिका माथिल्लो कक्षाहरुमा देखिएन अर्थात त्यो संख्या कम हुदै गएको देखिन्छ। यसका धैरै कारणहरु हुन सक्दछन्।

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः

| ५ देखि १४ वर्ष उमेरका बालबालिका | | | आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका | | |
|---|---|---|---|---|---|
| **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** |
| ४८५ | ५५१ | १०३६ | ४६४ | ५०४ | ९६८ |
| | | **प्रतिशत** | **९५.६७%** | **९१.४७%** | **९३.४४%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कूल ५-१४ वर्ष उमेरका बालबालिकाहरु मध्ये ९६८ जना अर्थात ९३.४४ प्रतिशत बालबालिकाले आधारभूत शिक्षा पूरा गरेका छन्।

### ५.४ विद्यालय पुग्न लाग्ने समय

विद्यालय पुग्न लाग्ने समयलाई प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| | |
|---|---|
| १५ मिनेट भन्दा कम | ६४.९५% |
| १५ देखि ३० मिनेट सम्म | ३३.७८% |
| ३० मिनेट देखि १ घन्टा सम्म | ०.७६% |
| १ घन्टा भन्दा बढी | ०.५१% |
| **जम्मा** | **१००.००%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घरबाट विद्यालय पुग्न लाग्ने समयलाई विश्लेषण गर्दा धरै जसो (६४.९५%) घरपरिवारलाई बढिमा १५ मिनेट लाग्ने गरेको पाईयो। १५ देखी ३० मिनेट समय लाग्ने ३३.७८% घरपरिवार रहेको पाईयो। विद्यालय पुग्न ३० देखी १ घण्टा समय लाग्ने घरपरिवार ०.७६% रहेको पाईयो। ०.५१ प्रतिशत घरपरिवारलाई विद्यालय पुग्न १ घण्टा भन्दा बढि समय लाग्ने गरेको पाईयो।

### ५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | खानेपानी सुविधा |
|---|---|---|---|
| सामुदायिक | ज्ञानदा मावि | (१-१०) | भएको |
| सामुदायिक | संस्कृत वेद विद्याश्रम | (१-८) | भएको |
| संस्थागत | सोलिड्यारिटी ईबो उमावि | (१-१२) | भएको |
| संस्थागत | तुलसी मेहर मेमोरियल उमावि | (१-१२) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | शौचालय |
|---|---|---|---|
| सामुदायिक | ज्ञानदा मावि | (१-१०) | भएको |
| सामुदायिक | संस्कृत वेद विद्याश्रम | (१-८) | भएको |
| संस्थागत | सोलिड्यारिटी ईबो उमावि | (१-१२) | भएको |
| संस्थागत | तुलसी मेहर मेमोरियल उमावि | (१-१२) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

शौचालय भएता पनि बालमैत्री र छात्रालाई छुट्टै शौचालयको व्यवस्था हुन नसकेको २ परिवारले बताएका छन्।

### ५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | आवश्यकिय सुविधा | |
|---|---|---|---|---|
| | | | खेल मैदान | कक्षा कोठा र फर्निचर |
| सामुदायिक | ज्ञानदा मावि | (१-१०) | छ | छ |
| सामुदायिक | संस्कृत वेद विद्याश्रम | (१-८) | छ | छ |
| संस्थागत | सोलिड्यारिटी ईबो उमावि | (१-१२) | छ | छ |
| संस्थागत | तुलसी मेहर मेमोरियल उमावि | (१-१२) | छ | छ |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.८ विद्यालय भर्ना नभएका

विद्यालय भर्ना नभएका बालबालिका जम्मा २२ जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:


| लिङ्ग | ५ देखि ९ वर्ष | १० देखि १४ वर्ष | १५ देखि १८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| बालिका | ३ | ४ | १ | ८ |
| बालक | १ | १ | १२ | १४ |
| जम्मा | ४ | ५ | १३ | २२ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

तुलनात्मक रुपमा बालिका भन्दा धैरै बालक विद्यालय भर्ना नभएको पाईयो। १५-१८ वर्ष उमेर समूहका बालिका भन्दा बालकले विद्यालय भर्ना नभएको पाईयो।

### ५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण


यस वडामा जम्मा ११ जना (८ बालक र ३ बालिका) विद्यालय छाडेका बालबालिका रहेका छन् जस्मा बालकको संख्या धैरै रहेको छ। विद्यालय छोड्नु पर्ने कारणहरु तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

यस वडाका ३ देखी ५ वर्ष उमेर समूहका २९४ बालबालिका (१३२ बालिका र १६२ बालक) बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा भर्ना भएका छन्। ती बालबालिकाको प्रतिशत निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ३ देखी ५ वर्ष उमेर समूहका ३३५ बालबालिका (१५३ बालिका र १८२ बालक) रहेका छन्। वडाको उक्त उमेर समूहका जम्मा बालबालिका र बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा गईरहेका बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छः

| क्र.सं. | ३-५ वर्ष उमेरका बालबालिका | वडाको संख्या | बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बालिका संख्या | १५३ | बालिका संख्या | १३२ | ८६.३ |
| २ | बालक संख्या | १८२ | बालक संख्या | १६२ | ८९.० |
| | **जम्मा:** | **३३५** | **जम्माः** | **२९४** | **८७.८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

समग्रमा ८७.८ प्रतिशत बालबालिकाहरु बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा भर्ना भएका छन्।

# खण्ड ६ वडामा बाल संरक्षण

## ६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

यस वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन। यस वडामा महामारी र बाढी प्रभावित भएको १० घरपरिवार रहेको देखिन्छ। यस वडामा २३.६ प्रतिशत ज्याला मजदुरीबाट आम्दानी गर्नेहरु छन् र ज्याला मजदुरी आफैमा न्यून आय हो। महामारी र बाढी प्रभावित तथा ज्याला मजदुरी गर्नेहरुसंग बसोवास गर्ने बालबालिकाहरु जोखिममा छन्।


यस वडामा ०.४% परिवारहरुको जीविकोपार्जन ६ महिना सम्म धान्न सक्ने हुनाले यी परिवारमा रहेका बालबालिका पनि जोखिममा रहेको देखिन्छ।

## ६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

विस्थापित भएका बालबालिका यस वडामा रहेको पाईएन।

## ६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

घरपरिवारमा छोराछोरी विच भेदभाव गरेको पाईएन। बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ९७.४५ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने २.३३ प्रतिशत घरपरिवारले गालि गर्ने गरेको पाईयो। बालबालिकाको कमजोरीमा घरपरिवारको उनीहरु प्रतिको व्यवहार तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी ०.१५ प्रतिशतले कोठामा थुन्ने जस्तो कठोर सजाय दिने गरेको पाईयो।

त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा ९९.५५ प्रतिशत सम्झाई बुझाई गर्ने गरेको पाईयो भने ०.५ प्रतिशत बिद्यालयमा गालि गर्ने र हेप्ने/निन्दा गर्ने/मनोवैज्ञानिक तनाब दिने जस्ता कठोर सजाय दिने गरेको पाईयो।

विगत एक वर्षमा महिला तथा बालबालिका माथि घरपरिवारमा कुनै हिँसाको वा सामाजिक कुरीति सम्बन्धि घटना घटेको छ भन्नेबारे विश्लेषण गर्दा यस वडाका १ परिवारमा घरेलु हिँसा भएको पाईयो।

### ६.४ बालश्रमिक सम्बन्धी विवरण

यस वडामा बालश्रम भएको पाईएन्।

### ६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

१ घरपरिवारले बाल यौन शोषण छ भनेको पाईयो। ६१.६४ प्रतिशत घरपरिवारले बाल यौन शोषण भएको छैन भनेको पाईयो। ३८.०८ प्रतिशतले शोषण भएको या नभएको थाहा छैन भनेको पाईयो। बाल यौन शोषण भएको या नभएको थाहा छैन भन्ने घरपरिवारले बाल यौन शोषण भित्र कस्ता कस्ता हिँसाका कुराहरु पर्दछन् भन्ने नजानेका हुन सक्दछन्।

### ६.६ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका भएको पाईएन्।

### ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा १ जना बालक कुलतमा लागेको पाईएको छ।

### ६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन। १ जना बालिका र १ जना बालकलाई दिर्घ रोग (मुटु रोग) लागेको पाईएता पनि मृत्य भएको पाईएन।

त्यस्तैगरी बितेको १ वर्षभित्र ५ वर्ष मुनिका कुनै पनि बालबालिकाको मृत्यु भएको पाईएन।

### ६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

ज्याला मजदुरी गर्ने परिवारको संख्या र वर्षभरी धान्न सक्ने जीविकोपार्जनको अवस्थालाई हेर्दा यस वडामा खाद्यान्न संकटमा पर्न सक्ने परिवार रहेको देखिन्छ। ज्याला मजदुरीलाई पेशाको रुपमा लिएको परिवार २३.६ प्रतिशत छन् र यो परिवार खाद्यान्न संकटमा रहेको देखिन्छ।

त्यस्तैगरी ०.४% परिवार ६ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् र ती परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटको अवस्था विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।


### ६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

यस वडाबाट कुनै बालबालिका संस्थागत हेरचाहमा रहेको पाईएन।

# खण्ड ७ वडाको आर्थिक पक्ष

## ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका परिवारका सदस्यहरुको पेशालाई विश्लेषण गर्दा सबैभन्दा धैरै (४५.७%) सदस्यहरु व्यापार पेशामा रहेका छन् भने सबैभन्दा कम (०.०%) सदस्यहरु उद्योग पेशामा रहेका छन्। परिवारका सदस्यहरुको पेशा सम्बन्धि थप विवरण (प्रतिशत) निम्नानुसार रहेको छ:




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

२९.३ प्रतिशत मानिसहरु जागिरमा छन् भने ज्याला र कृषि पेशामा क्रमशः २३.६ र १.३ प्रतिशत मानिसहरु रहेका छन्।

## ७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण

वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीले धान्न सक्ने अवस्थाको विश्लेषण गर्दा यस वडाको ३९ प्रतिशत परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन्। त्यस्तैगरी बर्ष भरी (१० देखी १२ महिना सम्म) खान पुग्ने परिवार ४८.९% छन् भने साह्रै कमजोर परिवार ०.४% रहेका छन् जो ६ महिना भन्दा कम मात्र जीविकोपार्जन धान्न सक्दछन्। जीविकोपार्जन धान्न सक्ने अवस्थाको बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आम्दानीले खान पुग्ने परिवारीक अवस्था (महिनामा) | प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ३ महिना भन्दा कम | ०.१% | २ |
| २ | ३ देखी ६ महिना | ०.३% | ४ |
| ३ | ७ देखि ९ महिना | ११.७% | १६२ |
| ४ | १० देखि १२ महिना | ४८.९% | ६७९ |
| ५ | बचत पनि हुने | ३९.०% | ५४२ |
| | जम्मा : | १००% | १३८९ |


(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

७ देखि ९ महिना सम्मको लागि खान पुग्ने परिवार ११.७% छन्।

## ७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका १६ देखी ४० वर्षका ८७५ युवाहरु विभिन्न पेशा/रोजगारीमा रहेका छन्। कृषिमा १२ जना, व्यापार व्यवसायमा ४१३, जागिरमा २४८ जना र ज्याला मजदुरीमा २०२ आवद्ध छन्। त्यस्तैगरी

उद्योगमा शुन्य संलग्न छन्। सबैभन्दा बढि युवाहरु व्यापार व्यवसायमा छन्। संलग्न भएका युवाहरुको विवरण प्रतिशतमा निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

(नोटः माथि उल्लेखित तथ्याङ्क बालबालिका भएका परिवारको युवा रोजगारीको मात्र हो)

### ७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ३५४ रहेको छन्। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये ३४.५ प्रतिशत महिला छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ६७.९७ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि | प्रतिशत |
|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ६७.९७% |
| २ | ५ वर्ष भन्दा बढि | ३२.०३% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ८ वडाको प्रकोप अवस्था

## ८.१ प्रकोपको विवरण

बालबालिका भएको परिवारहरु मध्ये यस वडामा बिगत ३ वर्ष भित्र प्राकृतिक प्रकोपबाट पिडित भएका परिवारको संख्या १० रहेका छन्। धेरैजसो परिवारहरु महामारीको प्रकोपबाट प्रभावित भएका छन् भने केही बाढी प्रभावित भएको पाईयो।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्था सम्बन्धी जानकारीहरुलाई हेर्दा विद्यालयमा जोखिम नभएको बताएका छन्। त्यस्तैगरी विद्यालय आउँदा जाँदा बालबालिकालाई हुन सक्ने जोखिमहरु पनि नभएको बताएका छन्।

## ८.२ प्रकोपबाट भएको क्षतिको विवरण

बिगत ३ वर्ष भित्र प्राकृतिक प्रकोपबाट पिडित भएका परिवारको विवरण उपलब्ध छैन।

## ८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै विवरण भएको पाईएन।